# कमल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

तोपगाछी, झापा
१ नं. प्रदेश, नेपाल

प. स. ०७८/०७९
च. नं. ११३४

मिति:- २०७८/०८/२६

विषयः विद्यार्थीको नामथर र जन्ममिति सम्बन्धमा।

श्री विद्यालयहरू (सबै)
कमल गाउँपालिका, झापा।

उपरोक्त सम्बन्धमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा २५ बमोजिम व्यक्तिगत घटना दर्ता (जन्मदर्ता) को विवरण दर्ता मितिले १ वर्ष पश्चात सच्याउन नसकिने व्यवस्था भएको हुँदा कतिपय विद्यार्थीहरूको जन्मदर्ता अनुसारको जन्ममिति र नामथर विद्यालयको शैक्षिक प्रमाणपत्र/चारित्रिक पत्र, तथ्याङ्क पत्रमा फरक पर्ने देखिन आएको अवस्थामा केही विद्यालयहरूले उक्त ऐनमा उल्लेख भए बमोजिमको सच्याउने म्याद पश्चात पनि वडा कार्यालयहरुमा जन्मदर्ता प्रमाणपत्र सच्याउन पठाउने प्रवृत्ति बढ्नुका साथै स्थानिय पञ्जीकाधिकारीहरूमा अनावश्यक दबाब सिर्जना गरी वडा कार्यालयहरुबाट हुने नियमित सेवा प्रवाहमा समेत कठिनाई उत्पन्न भएकोले अंब उप्रान्त जन्मदर्ता प्रमाण सच्याउने म्याद समाप्त भए पश्चात वडा कार्यालयहरुमा नपठाउनुहुन र विद्यार्थी भर्ना गर्दा विद्यार्थीहरुको भविष्यमा पछिसम्म असर नपर्ने गरी अनिवार्य रूपमा जन्मदर्ता प्रमाणपत्र तथा अभिभावकको नेपाली नागरिकताको प्रमाणपत्रमा उल्लेख भए बमोजिमको विवरणहरु विद्यालयको अभिलेखमा समावेश गर्नुहुन अनुरोध गरिन्छ।

अन्यथाः विद्यार्थीहरूको भविष्य माथि सो कारणले समस्या आएमा विद्यालय स्वयम् जिम्मेवार हुने व्यहोरा समेत जानकारी गराईन्छ।

पुनश्च: अनलांईनमा आधारित व्यक्तिगत घटना दर्ता VERSP-MIS प्रणालीमा समेत घटना दर्ता (जन्मदर्ता गरेको मितिको १ वर्ष पश्चात सच्याउन (संशोधन) गर्न नसकिने व्यवस्था रहेको जानकारी गराईन्छ।

बोधार्थ
श्री वडा कार्यालय सवै - कमल गाउँपालिका, झापा
श्री शिक्षा शाखा - कमल गाउँपालिका, झापा

..............................
कजिमान राई
प्रमुख प्रशासकीय अधिकृत

सोधिएको प्रश्नावलीको जवाफ दिनु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ।

२४. <u>दर्ताको मान्यताः</u> दफा २० बमोजिम प्रदान गरिएको दर्ताको प्रमाणपत्र व्यक्तिगत घटना भएको प्रमाण हुनेछ। त्यस्तो प्रमाण कुनै पनि कार्यालय र अदालतमा पेश गर्न तथा वैयक्तिक कारोबारमा प्रयोग गर्न सकिनेछ।

तर कुनै व्यक्तिले झुट्टा विवरण दाखिल गरी दर्ताको प्रमाणपत्र लिएको रहेछ भन्ने कुरा प्रमाणित भएमा स्थानीय अधिकारीबाट त्यस्तो दर्ताको प्रमाणपत्र रद्द हुनेछ।

२५. <u>विवरण सच्याउन सक्नेः</u> (१) यो ऐन लागू भएपछि जन्मेको बच्चाको उमेर, नाम, थर वा अन्य विवरण यस ऐनबमोजिम एक पटक दर्ता भई दर्ताको प्रमाणपत्र प्रदान गरिएपछि सच्याउनु परेमा त्यसको लागि सम्बन्धित व्यक्तिले त्यस्तो प्रमाणपत्र लिएको एक वर्षभित्र स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा तोकिएको ढाँचामा दरखास्त दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिएको दरखास्त प्राप्त हुन आएपछि स्थानीय पञ्जिकाधिकारीले सो सम्बन्धमा छानबिन गरी उपयुक्त देखिएमा दर्ता किताब र दर्ताको प्रमाणपत्रमा रहेको उमेर, नाम, थर वा अन्य विवरण सच्याई दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको विवरण सच्याएको जानकारी स्थानीय पञ्जिकाधिकारीले विभागलाई समेत उपलब्ध गराउनु पर्नेछ। यसरी प्राप्त विवरणको आधारमा विभागले सम्बन्धित व्यक्तिको परिचय नम्बर रहेकोमा सो परिचय नम्बरमा रहेको त्यस्तो व्यक्तिको विवरणमा समेत सो विवरण सच्याउनु पर्नेछ।

(४) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिमको दर्ता किताबमा र प्रदान गरिएको दर्ताको प्रमाणपत्रमा रहेको कुनै व्यक्तिको उमेर एकपटक भन्दा बढी सच्याउन पाइने छैन।

२६. <u>व्यक्तिगत घटना दर्ता किताब निरीक्षण गर्न सकिनेः</u> सम्बन्धित व्यक्तिले सम्बन्धित स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा रहेको व्यक्तिगत घटना तथा नागरिक अभिलेख दर्ता किताब हेर्न चाहेमा तोकिएको दस्तुर लिई सम्बन्धित पञ्जिकाधिकारीले दर्ता किताब हेर्न दिनु पर्नेछ।